# अन्तिम लेखापरीक्षण प्रतिवेदन
## कालीगण्डकी गाउँपालिका, स्याङ्जा

## आर्थिक वर्ष २०७५।७६

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्याः२०७६/७७
च.नं :

मितिः २०७७/३/२४

श्री प्रमुखज्यू,
कालीगण्डकी गाउँपालिका,
स्याङ्जा ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



**टंकमणि शर्मा, दंगाल**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७५।७६ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन, नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जूमा एबं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न भएपश्चात् जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी राय सहितको अन्तीम प्रतिवेदनजारी गरिएको छ । प्रतिबेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितब्ययीता, दक्षता र प्रभावकारीता आउने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रर्बद्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ सङ्कलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात् बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्याधिक प्रशासनिक खर्च गरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रबृति देखिएका छन । विकास निर्माणतर्फ योजना प्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् । स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गत विगतमा लेखापरीक्षणबाट औँल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारबाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय ब्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २७ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

(वागमती तथा गण्डकी महानिर्देशनालय)

पत्र संख्या: २०७६।७७
च.नं :

मिति: २०७७।३।२५

श्री प्रमुखज्यू,
कालीगण्डकी गाउँपालिका,
स्याङजा ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले कालीगण्डकी गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यस संग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यस संग सम्बन्धित अन्य बिबरणले स्थानीय तह संग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु. १ करोड २१ लाख ५० हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ४७ लाख ९३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ९ लाख ७५ हजार र नियमित गर्नुपर्ने रु. ६३ लाख ८२ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।१०।२९ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना वाइस (२२) यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तह सङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरिक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षण संग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

कालीगण्डकी गाउँपालिका

# लेखापरीक्षण प्रतिवेदन

## २०७५।७६

**परिचय :** स्थानीय नेतृत्वको विकास गरी विधायिकी, कार्यकारीणी र न्यायीक अधिकार सहितको स्थानीय शासन पद्धतिलाई सुदृढ गर्दै स्थानीय सरकारको निर्माण र संचालन गरी जनतालाई नजिकवाट धेरै भन्दा धेरै सेवा र सुविधा प्रदान गर्न यस गाउँपालिकाको स्थापना भएको हो । यस पालीका अर्न्तगत ७ वडा रहेका, ३९ सभा सदस्य, ७३.५१ व.की.मी.क्षेत्रफल, २१७२८ जनसंख्या रहेको छ। यस गाउँपालिका गण्डकी प्रदेशमा अवस्थित छ ।

**स्थानीय संचितकोष :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका व्ययहरु समावेश भएको आयव्यय हिसाव सहितको आर्थिक वर्ष २०७५।०७६ को संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| सि.नं. | आयतर्फ | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | जम्मा रकम | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | १ | **चालु खर्च** | २५४०१८१०२।४ |
| | क) नगद | | २ | **पूँजीगत खर्च** | १६०९४९८३८।९ |
| | ख) बैंक | ४०२३१८३५।१७ | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | |
| २ | **राजस्व (आन्तरिक आय)** | | | क) ऋण भुक्तानी | |
| | क) आन्तरिक राजस्व | ६७०४२२३ | | ख) ब्याज भुक्तानी | |
| | ख) राजस्व बाँडफाँड | ४५९२८५८७।३२ | | ग) अन्य भुक्तानी | |
| | ग) अन्य आय | ४२२७२४ | ४ | **लगानी** | |
| ३ | **वित्तीय हस्तान्तरण** | | | ऋण लगानी | |
| | क)वित्तीय समानीकरण अनुदान | ८०९००००० | | शेयर लगानी | |
| | ख) सशर्त अनुदान | १७६६४०६४० | | अन्य लगानी | |
| | ग) समपूरक अनुदान | १५०९०००० | ५ | **धरौटी फिर्ता** | ३८६३०० |
| | घ) विशेष अनुदान | २००००००० | ६ | **कोष निकासा फिर्ता** | १३५३७२५७।९ |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | ७ | **मौज्दात** | |
| | क)वित्तीय समानीकरण अनुदान | ११०८७१४५।२ | | क) नगद मौज्दात | |
| | ख) सशर्त अनुदान | | | ख) बैंक मौज्दात | ५२९४०७७४।४९ |
| | ग) समपूरक अनुदान | ३५८३८९८ | | ख) धरौटी मौज्दात | २३१०८६५।९५ |
| | घ) विशेष अनुदान | | | | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | | |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | | | |
| ६ | **विभिन्न कोषतर्फको आय** | | | | |
| ८ | **जनसहभागिता (नगद)** | | | | |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | | | | |
| | सामाजिक सुरक्षा तथा जेष्ठ नागरीक | ४८९९०००० | | | |
| | प्रधानमन्त्री रोजगार कार्यक्रम | १४०७००० | | | |
| | पर्यटन पुर्वाधार कार्यक्रम | ५०००००० | | | |
| | पुर्वाधार विकास साझेदारी कार्यक्रम | ५५००००० | | | |
| | एलजिसिडीपी तर्फ | २७६००० | | | |
| | अन्य निकायबाट प्राप्त रकम | २७६७९२५ | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | अन्य प्रदेश स्तरका निकायबाट प्राप्त रकम | १६९१५२९६ | | | |
| १० | **धरौटी आय** | २६९७८६५।९५ | | | |
| ११ | **लगानीको साँवा फिर्ता** | | | | |
| १२ | **अन्य विविध आय** | | | | |
| | **जम्मा** | ४८४१४३१३९।६ | | **जम्मा** | ४८४१४३१३९।६ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| १ | **आन्तरिक नियन्त्रण प्रणाली**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा गरेको छैन । यस सम्वन्धी अन्य ब्यहोराहरु तपसिल अनुसार रहेका छन् ।<br>• सुशासन ( व्यवस्थापन तथा सञ्चालन ) नियमावली, २०६५ अनुसार नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नु पर्ने र सार्वजनिक सुनुवाई गर्नुपर्नेमा गरेको छैन ।<br>• जिन्सी निरीक्षण प्रतिवेदन मा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको छैन ।<br>• मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई समयमै नदिई आर्थिक वर्षको अन्त्यमा मात्र दिएको तथा इ- टिडिएस नगरेको,<br>• स्वीकृत कार्यक्रम अनुसार चौमासीक खर्च गर्नु पर्नेमा कुल खर्च मध्ये अधिकांश रकम तेश्रो चौमासीकमा गरेको,<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणका प्रयास गरेको अभिलेख नराखेको,<br>• वार्षिक कार्यक्रम अनुसार अनुगमन मूल्यांकन प्रतिवेदन दिने नगरेको,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानिय न्यूनतम दररेट आर्थिक वर्ष शुरु हुनु भन्दा पन्ध्र दिन अगावै तोकि सक्नु पर्नेमा ढिला गरी तोकेको,<br>• कुनै रकमको भुक्तानी दिंदा रीत पुगेको वा नपुगेको जाँच गरी रसिद, बिल, भरपाईहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले "भुक्तानी भएको" जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नु पर्नेमा सो अनुसार नगरेको,<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र व्यवस्थापन गर्नुपर्ने उल्लेख भएकोमा सो सम्वन्धी कानुन, नीति, कार्यविधि तथा मापदण्ड नवनाएको,<br>• कार्यलयले सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ (क) बमोजिम वस्तु तथा सेवा आपुर्तिको लागि मौजुदा सूची तयार नगरेको,<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा वार्षिक खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा नगरेको,<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिजेन्सी खाता नराखेको, | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | ● स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाइ लागु गर्न सक्ने व्यवस्था भएकोमा नबनाएको,<br>● सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा नगरेको,<br>● निर्माण कार्यहरुको लागत अनुमान स्वकृति, कार्यसम्पन्न प्रतिवेदन आदिमा मिति र कर्मचारीको नाम उल्लेख नगरेको,<br>● खर्च संकेत वर्गिकरण र व्याख्या अनुसार वार्षिक कार्यक्रम तयार गरेर लेखांकन गर्नुपर्नेमा उक्त कार्य नगरेको,<br>● निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु नगरेको,<br>● वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार नगरेको,<br>● मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजुको लगत तयार गर्नुपर्नेमा नगरेको,<br>● प्रत्येक कार्यालयले एक आर्थिक वर्षको अवधि भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ बमोजिमको ढांचामा वार्षिक प्रतिवेदन तयार गर्नुपर्नेमा नगरेको,<br>● अनुत्पादनशिल खर्चमा नियन्त्रण गर्नुपर्नेमा विपद व्यवस्थापन कोष अन्तर्गत रही यस वर्ष ५,६२,५२५। आर्थिक सहायतमा खर्च गरेको,<br>● वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआएको संवन्धमा एकिन हुन नसकिएको,<br>● निजामती सेवा ऐन, २०४९ को दफा ७ ख (२) बमोजिम तलवी प्रतिवेदन पारीत गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारीत नगरी रु ६४ लाख ५२ हजार (स्वास्थ्य, कृषि तथा पशु वाहेकमा) खर्च गरेको, | |
| २ | **सेवा प्रवाह** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाँउपालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाले प्रवाह गरेको सेवाको विवरण माग गरेकोमा उक्त विवरण उपलव्ध नभएकोले दर्ता तथा मृत्यु दर्ता, नाता प्रमाणित, घरवाटो शिफारिश, नागरीकता शिफारिश, सम्वन्ध विच्छेद, बसाई सराई, पञ्जीकरण आदिको अवस्था एकिन गर्न सकिएन । पालिकाले ऐन बमोजिम सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ । | |
| ३ | **सार्वजनिक सुनुवाई :-** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ (५) मा स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन हुने कार्य मितव्ययी एबं दक्षतापुर्बक सँचालन गर्न अनुगमन एबं सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुबाई जस्ता कार्यक्रम सँचालन गर्नुपर्ने उल्लेख छ । यस कार्यालयवाट संचालित योजनाहरुको अनुगमन गर्ने कार्य गरेतापनि सवै योजनाको सार्वजनिक सुनुवाई संचालन गरेको देखिएन । जसबाट बित्तिय पारदर्शिता र जबाफदेहिताको पालना भएको छ भन्न सकिएन । ऐनको व्यबस्था कार्यान्वियन हुनुपर्दछ । सार्बजनिक सुनुबाइ तथा सार्वजनिक परीक्षण के, कति आयोजनामा भयो जानकारी पेश हुन आएन । | |
| ४ | **आर्थिक कारोवारको विद्युतिय लेखाङ्कन तथा प्रतिवेदन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा तोकिएको ढाँचामा आर्थिक कारोवारको लेखाङ्कन गरी नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार प्रतिवेदन गर्नु पर्दछ । महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) सफ्टवेयर प्रयोग तथा खर्च र आय सम्वन्धमा म.ले.प. फारामहरुको पुर्ण प्रयोग गरी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार आर्थिक कारोवारको | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | लेखाङ्कन र नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार आर्थिक विवरण तथा प्रतिवेदन तयार गरेको देखिएन । | |
| ५ | **आयोजना हस्तान्तरण :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिबाट सम्पन्न गरेको कुनै पनि आयोजना नियमावलीको व्यबस्था बमोजिम हस्तान्तरण गरको देखिएन । जसबाट सम्पन्न आयोजनाको मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जान सक्ने देखिन्छ । | |
| ६ | **निर्माण कार्यको लगत:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा गाउपालिकाले यस वर्ष संचालन गरेको योजना निर्माण कार्यको लगत राखेतापनि विगत वर्षदेखि भएको कार्यको लगत अद्यावधिक गरेको देखिएन । यस पालिकाले गत विगत वर्ष देखि संचालन भएको कार्यक्रमबाट निर्माण गरेको भौतिक संरचनाहरु समेतको लगत राख्ने व्यबस्था गरी निर्माण कार्यको लगत व्यवस्थापन गर्नुपर्ने देखिन्छ । | |
| ७ | **जग्गा उपयोग मापदण्ड -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू- जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था छ । यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन । स्थानीय तहले आफ्नो सबै क्षेत्र वा कुनै क्षेत्र तोकी त्यस्तो क्षेत्रमा बन्ने भवनहरुको लागि जग्गा तथा भवनको प्रकृति, समान ढाँचाको नमूना नक्सा तयार गर्न र सेवाग्राहीको लागि आफ्ना प्राविधिक कर्मचारीबाट नक्सा तयार गराई निःशुल्क उपलब्ध गराउने व्यवस्था रहेकोमा कार्यान्वयन भएको देखिएन । जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोकी जग्गा तथा भवनको प्रकृति बमोजिम नक्सा तयार तथा स्वीकृतिको व्यवस्था अपनाउनु पर्दछ । | |
| ८ | **अनुगमन तथा भ्रमण खर्च :** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु. १७९३१०५। खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । यसमा सुधार गर्नुपर्ने देखिन्छ । | |
| ९ | **गुणस्तर नियन्त्रण** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा सार्वजनिक निर्माण कार्यको गुणस्तर परीक्षण तथा निरीक्षण गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । यस पालिकाले यस आ.व. मा आन्तरीक आय, वित्तिय समानीकरण, संघीय सरकारवाट प्राप्त विषयगत कार्यक्रम, प्रदेश कार्यक्रम आदिवाट सार्वजनिक निर्माणमा खर्च गरेको सार्वजनिक निर्माण कार्यको गुणस्तर परीक्षण अन्तर्गत, गिट्टी, वालुवा, सिमेन्ट, फलामे डण्डी, माटो परीक्षण, ढुंगा आदिको परीक्षण गरी भुक्तानी दिनुपर्नेमा परीक्षण वेगर उपरोक्त खर्च रकम भुक्तानी दिएको छ । गुणस्तर परीक्षण गर्ने कार्यलाई अनिवार्य रुपले पालना गर्नुपर्दछ । | |
| १० | **पदाधिकारी सुविधा :** नेपालको संविधान, २०७२ को धारा २२७ मा गाउँसभा र नगरसभाका सदस्यले पाउने सुविधा प्रदेश कानुन वमोजिम हुने उल्लेख छ । गण्डकी प्रदेशले स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा संवन्धी ऐन, २०७४ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाले | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

सेवा सुविधा (बैठक भत्ता सम्बन्धमा व्यवस्था नभएको) समेत यस वर्ष अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र सदस्यको पारीश्रमिकमा (भत्ता वाहेक) देहायअनुसार रु ४९ लाख ६१ हजार ५ सय खर्च गरेको देखियो । स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा संवन्धी ऐन, २०७४ मा स्थानीय तहको आन्तरिक स्रोतलाई समेत आधार मानी मासिक सुविधा दिइने उल्लेख गरेको छ । आन्तरीक आय कुल रु. ६७ लाख ४ हजार रहेकोमा आन्तरीक आयले पदाधिकारीको तलव सुविधा मात्र सुविधा पुर्‍याउन सक्ने देखियो । अतः आन्तरीक आयका थप श्रोतको पहिचान गरी आन्तरीक आय सुदृढ गर्नुपर्ने देखिन्छ ।

| सि.नं. | विवरण | अध्यक्ष | उपाध्यक्ष | वडा अध्यक्ष ७ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य २४ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | ३१००० | २६००० | १८००० | ९००० | ६००० | ४९५३००० |
| २ | सञ्चार सुबिधा ( मासिक दरमा) | १५०० | - | १००० | - | - | ८५०० |
| ३ | बैठक भत्ता (बैठक संख्याको आधारमा) | - | - | - | - | - | - |
| ४ | खाजा भत्ता ( मासिक) | - | - | - | - | - | - |
| ५ | पुस्तक पत्रपत्रिका ( मासिक) | - | - | - | - | - | - |
| ६ | अनुगमन भत्ता ( मासिक) | - | - | - | - | - | - |
| ७ | खानेपानी, बिजुली महसुल (मासिक) | - | - | - | - | - | - |
| ८ | सरसफाई, मर्मत ( मासिक) | - | - | - | - | - | - |
| ९ | अतिथि सत्कार ( मासिक) | - | - | - | - | - | - |
| १० | यातायात खर्च ( मासिक) | - | - | - | - | - | - |
| ११ | इन्धन (मासिक) | - | - | - | - | - | - |
| | **जम्मा** | | | | | | ४९६१५०० |

११

**मनोरञ्जन कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ मा पालिकाले यस शीर्षकमा कर संकलन गरेको देखिएन । पालिकाको क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर पहिचान तथा एकिन गरी असुल गर्नुपर्दछ ।

१२

**योजना र कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा बजेट व्यवस्था गरेको छ । ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| १३ | **नीति तथा कार्यक्रमको कार्यान्वयन स्थिति :** निकायको आ.व. २०७५/७६ को नीति तथा कार्यक्रममा उल्लेख भएका कार्यक्रम मध्ये कति उद्धेश्य पुरा भयो वा प्रगति प्राप्ति भयो र कुन कुन कार्यक्रम पुरा भएका छैनन भनि विश्लेषण गरेको छैन । नीति तथा कार्यक्रम र वजेटमा उल्लेखित व्यहोराको कार्यान्वयन संवन्धमा प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ । | |
| १४ | **फोहोरमैला व्यवस्थापन :** फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ मा फोहोरको व्यवस्थापन गरी गाउँ, नगर सफा राख्ने जिम्मेवारी स्थानीय तहको हुने उल्लेख छ । कार्यालयले फोहोरमैला व्यवस्थापनको लागि देहायअनुसारका कार्यहरु गरेको छैन ।<br>● ल्याण्डफिल साइटको दीर्घकालीन व्यवस्थापन र पूर्वाधार निर्माणको कार्य,<br>● फोहोर मैला व्यवस्थापन सम्बन्धमा उपर्युक्त प्रविधिको अध्ययन अनुसन्धान गरी प्रविधि विकासको कार्य र "प्रदुषकले शुल्क तिर्ने" अवधारणा लागू गरी दीगो व्यवस्थापनको कार्य,<br>● फोहोर मैला व्यवस्थापन गर्ने, कम्पोष्ट विनहरुको खरिद र वितरण कार्यको अवस्था<br>● उपयुक्त प्रविधिको विकास र विस्तार गर्न पर्याप्त बजेट तथा जनशक्तिको उपलब्धता | |
| १५ | **सामाजिक सुरक्षा तर्फः** यस वर्षको सामाजिक सुरक्षा भत्ता वितरणको सम्वन्धमा देखिएका व्यहोरा देहायअनुसार छन् : | |
| १५.१ | **लाभग्राहीको नाम नवीकरणः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ७ को उपदफा (१) मा भत्ता प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहीहरुले आगामी आ.व.मा पनि भत्ता लिनका लागि तोकिएको ढाँचामा सो कार्यविधिको दफा ६ मा उल्लेखित समयावधि भित्र सम्वन्धित पालिका वा नगरपालिकामा दरखास्त दिनु पर्ने व्यवस्था छ । सो कार्यविधिको उपदफा (२) मा यसरी नविकरण नगर्ने लाभग्राहीले पछिल्लो आ.व.मा भत्ता नपाउने समेत उल्लेख गरेकोमा यस पालिकाले सोको परिपालना गरेको पाइएन । कार्यविधिको पालना गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |
| १५.२ | **विवरण पठाउनु पर्ने :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ अनुसूची ८ को शर्त ६ अनुसार गा.पा. न.पा वाट प्राप्त रकम लाभग्राहीको खातामा बैकले १५ दिनभित्र जम्मा गरी प्रत्येक लाभग्राहीको खातामा जम्मा भएको रकम देखिने विवरण (Reverse Feed)सहित को विवरण पेश गर्नूपर्ने व्यवस्था रहेकोमा यस पालिकामा उक्त शर्त वमोजिमको विवरण नआएकोले उक्त शर्त कार्यन्वयन गर्नूपर्ने तिर ध्यान दिनुपर्ने देखिन्छ । | |
| १५.३ | **खाताको विवरण दिनु पर्ने :** सामाजिम सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को अनुसूची ८ को वुँदा नं. १० र ११ मा सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीको सामाजिक सुरक्षा विशेष वचत खाताहरुको बैंकले निष्कृय खाता (Dormant) खाताको विवरण प्रत्येक श्रावण र माघ महिना भित्र केन्द्रीय गाँउ/नगरपालिकालाई दिनुपर्ने, बैंकले प्रत्येक चौमासिकमा प्रत्येक खातावालको उक्त खाताको कारोवार झल्कने प्रतिवेदन गाउँ/नगरपालिकालाई दिनु पर्ने, उक्त खातामा जम्मा रहेको रकम मध्ये केही वा सबै रकम रोक्का राख्न वा फिर्ता गर्न गाउँपालिका वा नगरपालिकाबाट लेखि आएमा बैंकले सोही बमोजिम राक्का वा फिर्ता गर्नूपर्ने व्यवस्था छ । यस पालिकाको सवै वडा प्रयोजनार्थ बैंकहरुले उक्त कार्यविधि पालना नगरेको र पालिकाले समेत वेवास्ता गरेको पाइयो । अतः कार्यविधिको पालना तर्फ पालिकाले ध्यान दिनु पर्ने देखिन्छ । | |
| १५.४ | **बैंक मार्फत भत्ता वितरण :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा २२ मा सबै लाभग्राहीहरुलाई बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने साथै ऐ कार्यविधिको दाफा २३ को (३) मा सामाजिक सुरक्षा विशेष वचत खाता सम्वन्धी व्यवस्था गरेको भएता पनि यस गाउँपालिका अर्न्तगतका सात वडाका दलित बालबालिका लाभग्राहीहरुको बैंक खाता खोलेको पाइएन । उल्लेखित लाभग्राहीहरुको समेत खाता खोली कार्यविधिको पालना गर्नेतर्फ गाउँपालिकाले ध्यान दिनुपर्दछ । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| १६ | **मुल्य अभिवृद्धि कर कट्टी नगरेको :** आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले मिति २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मु.अ.कर रकमको ५० प्रतिशत संवन्धित राजस्व शिर्षकमा र वाँकी ५० प्रतिशत संवन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । कार्यालयले देहायअनुसार मिति २०७६।२।१६ देखिको भुक्तानीमा ५० प्रतिशत राजस्व शिर्षकमा दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिएकोले उक्त रकम असुल गर्नुपर्ने रु .... | ३२,२३,८३७/ |

| भौ नं. र मिति | फर्मको नाम | कुल भुक्तानी रकम | मु.अ.कर रकम | ५० प्रतिशतले हुने मु.अ.कर रकम |
|---|---|---|---|---|
| पर्यटन विकास पुर्वाधार कार्यक्रम अन्तर्गत | | | | |
| ३-०७६/३/२७ | आदित्य कन्सल्टेन्ट प्रा लि | १३४४७०० | १५४७०० | ७७३५० |
| ४-०७६/३/३० | हिमाल इन्जिनियरीङ कन्सल्टेन्सी | ३४९१०० | ४०१६२ | २००८१ |
| गाउँपालिका चालु | | | | ० |
| २१२-०७६/३/३१ | पाणिनी फिल्मस प्रा लि. | २९९४५० | ३४४५० | १७२२५ |
| २१०-०७६/३/३१ | सरस्वती निर्माण सेवा | ४८०९२० | ५५३२७ | २७६६४ |
| | पुजीगत : | | ० | ० |
| १२-०७६/३/२९ | वेवम्याक्स इन्जिनियरीङ काठमाडौं | १९७७५०० | २२७५०० | ११३७५० |
| १४-०७६/३/३० | फरच्युन इन्जिनियरीङ कन्सल्टेन्ट | ७८५१९० | ९०३३२ | ४५१६६ |
| ११-०७६/३/१५ | आस्था ट्रेडर्स वालिङ | ४२७९०० | ४९२२७ | २४६१४ |
| १३-०७६/३/२९ | स्याङजा मिडिया प्रा लि (इन्टरनेटको संभौता) | ४२२६२० | ४८६२० | २४३१० |
| ४-०७६/३/३१ | जे एस कन्स्ट्रक्सन | ४८३८९७ | ५५६७० | २७८३५ |
| | **विशेष अनुदान तर्फ :** | | ० | ० |
| ७-०७६/३/३० | एन एण्ड ए कन्स्ट्रक्सन एण्ड सप्लायर्स | १४५३९११२ | १६७२६४१ | ८३६३२१ |
| ३, ६ -०७६/३/३० | गण्डकी कन्स्ट्रक्सन पोखरा | ३४६१२२९ | ३९८१९४ | १९९०९७ |
| २-०७६/३/३१ | भिमेश्वर ड्रिलिङ तथा निर्माण सेवा प्रा लि ( प्रदेश समपुरक अनुदान) | ३५८३८९८ | ४१२३०७ | २०६१५३ |
| ३९५-०७६/३/३१ | भिमेश्वर ड्रिलिङ तथा निर्माण सेवा प्रा लि ( प्रदेश समपुरक अनुदान) | २२५७४९८ | २५९७१२ | १२९८५६ |
| ३७०-०७६/३/३० | पाण्डे इन्टरप्राइजेज | १४२८००० | १६४२८३ | ८२१४२ |
| ३८९-०७६/३/३१ | एडोन इन्जिनियरीङ्ग सलुशन प्रा.लि | ३४९१७० | ४०१७० | २००८५ |
| ३९१-०७६/३/३१ | युना इन्जिनियरिङ्ग | २३१६५० | २६६५० | १३३२५ |
| २-०७६/३/१ | शिवालय विल्डर्स | २३९७५३८ | २७५८२३ | १३७९१२ |
| ७-०७६/३/३१ | | ४१३३२७९ | ४७५५१० | २३७७५५ |
| ३-०७६/३/१ | | २२६९३५३ | २६१०७६ | १३०५३८ |
| ५-०७६/३/२४ | | ४७६००१२ | ५४७६१२ | ३२३८०६ |
| ६-०७६/३/३१ | | ९१९३८८० | १०५७७०३ | ५२८८५२ |
| | जम्मा | | | ३२२३८३७ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| १७ | **विषयगत समितिको वैठक भत्ता :** स्थानीय तहयका पदाधिकारी तथा सदस्यको सुविधा संवन्धी ऐन, २०७४ को दफा १५ मा यस ऐनले तोके वाहेकको अन्य सुविधा प्रदेश सरकारले तोके अनुरुप हुने उल्लेख छ भने अनुसूचि १ मा पदाधिकारीले पाउने सुविधाको व्यवस्था गरेको छ। अनुसूचि १ मा मासीक सुविधा उपलव्ध गराउने उल्लेख गरेकोले भत्ता दिने व्यवस्था छैन भने भत्ताको संवन्धमा प्रदेश सरकारले अन्यत्र | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

पनि कुनै व्यवस्था गरेको छैन । तर कार्यालयले देहायअनुसारका वैठक वस्दा भत्ता भुक्तानी गरेको देखिन्छ । ऐनमा भएको व्यवस्थाको विपरीत हुने गरी भत्ता खानु उचित देखिएन । यसमा सुधार गर्नुपर्दछ ।

| भौ नं. र मिति | विवरण | भत्ता रकम |
|---|---|---|
| ५५-०७५/८/१२ | राजस्व परामर्श समितिको वैठक भत्ता | १०००० |
| ८३-०७५/१०/१६ | शिक्षा समितिको वैठक भत्ता | ६०००० |
| २१७-०७६/३/३१ | शिक्षा समितिको वैठक भत्ता | ४३५०० |
| १२३-०७५/१२/२९ | शिक्षा समितिको वैठक भत्ता | ४५००० |
| १८८-०७६/३/२२ | न्यायिक समितिको वैठक भत्ता भुक्तानी | ६६००० |
| ३४-०७५/६/२३ | राजस्व परामर्श समितिको वैठक भत्ता | ६००० |
| ३४-०७५/६/२३ | कार्यपालिकाको वैठक भत्ता | ७९५०० |
| | जम्मा : | ३१०००० |

१८ **दोहोरो सुबिधा** : स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७४ को दफा ८ मा सरकारी कोषबाट निवृतभरण पाएको व्यक्ति, पदाधिकारी वा सदस्यमा निर्वाचित वा मनोनयन भएमा त्यस्तो पदाधिकारी वा सदस्यले निवृत्तिभरण वा ऐन बमोजिमको मासिक सुबिधा मध्ये एउटा मात्र सुविधा पाउने व्यवस्था गरेको छ । यस गाउँपालिकाका देहायका पदाधिकारीले निवृत्तिभरण लिइरहेको अवस्थामा मासीक सुविधा समेत वुझेको देखियो । यसरी लिएको दोहोरो सुविधा रकम दाखिला गर्नुपर्ने रु ...

| पदाधिकारीको नाम | पद | वार्षिक भुक्तानी रकम |
|---|---|---|
| सोभिलाल चौतारे | वडाध्यक्ष | २३४००० |
| होमनाथ पाण्डे | वडा सदस्य | ७८००० |
| विष्णु प्रसाद पाण्डे | वडा सदस्य | ७८००० |
| जम्मा : | | ३९०००० |

बेरुजू रकम रु.: ३९०,०००/

१९ **वडा वैठक भत्ता :** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा संवन्धी ऐन, २०७४ को दफा १५ मा यस ऐनले तोके वाहेकको अन्य सुविधा प्रदेश सरकारले तोके अनुरुप हुने उल्लेख छ भने अनुसूचि १ मा पदाधिकारीले पाउने सुविधाको व्यवस्था गरेको छ । अनुसूचि १ मा मासीक सुविधा उपलव्ध गराउने उल्लेख गरेकोले भत्ता दिने व्यवस्था छैन भने भत्ताको संवन्धमा प्रदेश सरकारले अन्यत्र पनि कुनै व्यवस्था गरेको छैन । तर कार्यालयले देहायअनुसारका वडाको वैठक वस्दा भत्ता भुक्तानी गरेको देखिन्छ । ऐनमा भएको व्यवस्थाको विपरीत हुने गरी भत्ता खाएको रकम असुल गर्नुपर्ने रु ......

| भौ नं. र मिति | भुक्तानी गर्ने व्यक्ति | वडा नं. | भत्ता रकम | कर कट्टी पछिको रकम |
|---|---|---|---|---|
| १५-०७५/६/१० | राम प्रसाद न्यौपाने (श्रावण र भाद्रको ) | ७ | २४००० | २०४०० |
| १६-०७५/६/१० | कुल राज भट्टराई (श्रावण र भाद्रको ) | ६ | २४००० | २०४०० |
| १७-०७५/६/१० | नेत्र प्र पाण्डे (श्रावण र भाद्रको ) | २ | २४००० | २०४०० |
| ३१-०७५/६/२३ | दिलिप विश्वकर्मा (श्रावण र भाद्रको ) | ३ | ३०००० | २५५०० |
| ५३-०७५/८/१० | कुलराज भट्टराई (असोज र कार्तिकको ) | ६ | २४००० | २०४०० |
| ५२-०७५/८/४ | अर्जुन प्रसाद तिवारी (कार्तिक) | ५ | १२००० | १०२०० |
| ४३-०७५/७/१४ | अर्जुन प्रसाद तिवारी (श्रावण देखी असोजको) | ५ | ३६००० | ३०६०० |
| ४१-०७५/६/२४ | भुपति पाण्डे | ४ | ३६००० | ३०६०० |
| | जम्मा : | | २१०००० | १७८५०० |

बेरुजू रकम रु.: १७८५००/

२० **नर्म्स फरक पारी वढी भुक्तानी** : ग्रामिण सडकहरुको लागि स्थानिय पुर्वाधार तथा कृषि सडक विभाग ( डोलिडार) ले नर्म्स तयार पारेको छ । स्थानीय तहले ग्रामीण सडकहरु लगायतका पुर्वाधार तयार गर्दा

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | सोही नर्म्स प्रयोग गरेको देखिन्छ । यस कार्यालयले सोही नर्म्स प्रयोग गरी दर विश्लेषण गरेको छ । नर्म्स अनुसार कडा माटो काट्ने कामको लगि प्रति घनमिटर ०.६ म्यानडेज प्रयोग हुने उल्लेख भएकोमा कार्यालयले उक्त कामको लागि ०.८ म्यानडेज प्रयोग गरेको छ । ०.८ म्यानडेज प्रयोग गरी दर विश्लेषण गर्दा अदक्ष कामदारको दैनिक दर रु ७५०। मा ३ प्रतिशत टुल्स प्रयोग गर्दा कडा माटोको दर ६१८। कायम हुन पुगेको छ । नर्म्समा उल्लेख भएको दर भन्दा वढी दर राखेकोले देहायअनुसार उपभोक्ता समुहको योगदानको प्रतिशत कट्टा गरी वाँकी रकम वढी भुक्तानी भएकोले वढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु ..... | २३०९४/ |

| कामको विवरण | भौ नं. | माटो काट्ने कामको परीमाण (m$^3$) | कार्यालयको योगदान | कुल भएको काम | भुक्तानी भएको दर | भुक्तानी हुनुपर्ने दर | कार्यालयको योगदान प्रतिशत | वढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|---|
| दोविल्ला हिरनडाडा गोरेटो निर्माण योजना | २४३ | ७७.२५ | १००००० | ११०५५० | ६१८ | ४६३.५ | ९०.४६ | १०७९६ |
| पालाक पहिरो नियन्त्रण | २६९ | ५७.४३ | २३२८०० | २६३३७३ | ६१८ | ४६३.५ | ८८.३९ | ७८४३ |
| टेरेन्दी कुलो तथा तल्लो पोखरी निर्माण योजना | २७५ | ३३.१३ | १९४००० | २२२८७९ | ६१८ | ४६३.५ | ८७.०४ | ४४५५ |
| | | | | | | | | २३०९४ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| २१ | **रोजगारी श्रृजना नहुने काम उपभोक्ता समितिवाट गराएको :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा जटिल प्रकृतिका कार्य उपभोक्ता समितिमार्फत गराउन नहुने उल्लेख छ । यस पालिकाले विभिन्न काम निर्माण व्यवसायीका उपकरण प्रयोग गरी कार्य सम्पन्न गरेको छ । यसरी उपभोक्ता समितिमार्फत उपकरण प्रयोग गरी काम गराउदा प्रतिस्पर्धा नहुँदा मितव्ययी नहुने, प्राविधिक ज्ञानको अभावमा कामको गुणस्तर पक्ष कमजोर रहने, पुर्ण रुपमा मेशिन प्रयोग गरी कार्य गराउदा रोजगारी श्रृजना नहुने अवस्था देखिदा यसरी गरेको कार्य ऐनको उद्धेश्यको प्रतिकुल समेत देखिन्छ । नमुना छनोटको आधारमा केही भौचर परिक्षण गर्दा अत्याधिक मात्रामा निर्माण व्यवसायी प्रयोग गरि कार्य गराएको देखियो । यसमा सुधार गर्नुपर्दछ । | |
| २२ | **कार्यालय सामन खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ बमोजिम सिलवन्दी दरभाउपत्रको माध्यमबाट सामानहरु खरिद गर्नु पर्नेमा सो नगरी बिभिन्न फर्महरुबाट सिधै खरिद गरिएको तथा नियम ८५ मा एउटै फर्मवाट तोकेको सीमा भन्दा वढीको रकम पटक पटक खरिद गर्न नहुनेमा उक्त नियम विपरीत खरिद गरेको देखिएकोले उक्त रकम नियमसंगत देखिएन । यस्तो खर्च प्रकृयामा सुधार गर्नुपर्दछ । | |

| स.नं. | भौ.नं मिति | बिबरण | फर्मको नाम | रकम रु |
|---|---|---|---|---|
| | चालु खर्च तर्फ : | | | |
| १ | ४२-०७५/७/९ | विभिन्न कार्यालय सामान तथा छपाई | प्रतिक अफसेट प्रेस, पोखरा | ३३२००० |
| २ | ८६-०७५/१०/१७ | | वस्याल कम्प्युटर एण्ड मोवाइल | ११८१५० |
| ३ | ८५-०७५/१०/१६ | | गणेश भागा पसल मिर्मि | १४५७३५ |
| ४ | ८१-०७५/१०/१४ | | अधिकारी कम्प्युटर प्रिन्टर्स, स्याङजा | ३०७७२१ |
| ५ | ६७-०७५/९/१७ | | शिवशक्ति प्रिन्टर्स सर्भिस स्याङजा | ९९३०७ |
| ६ | ११६-०७५/१२/२१ | | शिवशक्ति प्रिन्टर्स सर्भिस स्याङजा | ९७५९८ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | १६७-०७६/२/२७ | | अधिकारी कम्प्युटर प्रिन्टर्स स्याङजा | २६२३९७ |
| | पुजीगत तर्फ : | | | |
| ७ | २-०७५/६/२१ | विभिन्न | वस्याल कम्प्युटर सोरुम गल्याङ | ३४५०४५ |
| ८ | १०-०७६/१/२५ | | | ३८६७४७ |
| ९ | १५-०७६/३/३० | | | २३०४१२ |
| | | | जम्मा : | २३२५११२ |

२३ **आनुपातिक कट्टी नगरेको :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राहीले गर्नुपर्ने योगदान समेत राखी संझौता गरी कार्य गर्नुपर्ने उल्लेख छ । कार्यालयले वर्थिङ सेन्टर निर्माणको लागि श्री कृष्ण गण्डकी वर्थिङ सेन्टर निर्माण उ.स. लाई देहायअनुसार संझौता गरेकोमा कार्यसम्पन्न हुदा आनुपातिक कट्टी नगरी पुरै भुक्तानी दिएको देखियो । संझौताको अनुपातमा वढी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु ...

बेरुजू रकम: ८५,२७४/

| संझौता अनुसारको कुल काम | कार्यालयको योगदान हुने रकम | कार्यालयको योगदानको प्रतिशत | कार्यसम्पन्न भएको कुल रकम | संझौता अनुसार हुनुपर्ने भुक्तानी | भुक्तानी भएको रकम | वढी भुक्तानी भएको रकम |
|---|---|---|---|---|---|---|
| २७९७६०३ | २४२५००० | ८६.६८ | २६९९२६९ | २३३९७२६ | २४२५००० | ८५२७४ |

२४ **परामर्श सेवा :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सम्वन्धीत सार्वजनिक निकायमा उपलव्ध जनशक्तिवाट कुनै काम हुन नसक्ने भएमा परामर्शसेवा खरिद गर्न सकिने उल्लेख छ । यस पालिकामा यस आ.व.मा ३ जना प्राविधिक जनशक्ति रहेको अवस्थामा उपलव्ध जनसक्तिवाट काम गराउन सकिने अवस्थाको मुल्यांकन नगरी परामर्श सेवा खरिद गरी देहायअनुसार कार्य गरेको छ ।

| क सं. | परामर्शदाताको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| | पर्यटन पुर्वाधार विकास कार्यक्रम अन्तर्गत : | | |
| १. | आदित्य कन्सल्टेन्ट प्रा. लि. | आलमदेवी मन्दिर गुरुयोजना निर्माण | १३४४७०० |
| २. | हिमाल इन्जिनियरीङ कन्सल्टेन्सी | आलमदेवीको इतिहास लेखन कार्य | ३४९१७० |
| | पुजीगत तर्फ : | | |
| ३. | वेवम्याक्स इन्जिनियरीङ काठमाडौं | इ गभर्नेन्स सफ्टवयर एप्लिकेशन्स | १९७७५०० |
| ४. | सखुवा इन्जिनियरीङ कन्सल्टेन्सी प्रा लि | विर्घाकोट मन्दिर तथा भ्यु टावरको डिपिआर | १३५६००० |
| ५. | इन्भार्नमेन्टल इन्जिनियरीङ कन्सल्टेन्सी प्रा लि. | कालिगण्डकीको आइ इ इ गर्ने | २८२८९५ |
| ६. | फरच्युन इन्जिनियरीङ कन्सल्टेन्ट | रुद्रादेवी, आलमदेवी, रानीघाट सडक सर्भे | ७८५१९० |
| ७. | ऋषिकेश सर्भिसेस प्रा लि. (चालुतर्फ) | जैपते रिडि सडकको डिपिआर | ११०१७५० |

यस सम्वन्धमा देखिएका अन्य व्यहोरा देहायअनुसार छन् :

२४.१ **तोकेको समयावधि पुरा नगरी परामर्शको कार्य भएको :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्शदाताको लागत अनुमान तयार गर्नुपर्ने, जसमा लागत अनुमान तयार गर्दा मन्त्रालयले तयार पारेको नर्म्स, गत वर्षको नर्म्स, सोही प्रकृतिको कार्य गर्ने अन्य निकाय आदिले तयार पारेको नर्म्स आदि कुरालाई आधार वनाई लागत अनुमान तयार पार्नुपर्ने उल्लेख छ । यस पालिकाले पर्यटन पुर्वाधार विकास कार्यक्रम अन्तर्गत आलमदेवी मन्दिरको गुरुयोजना निर्माण कार्यको लागि आदित्य कन्सल्टेन्ट प्रा लि संग संझौता गरी कुल ४२६,७९,५८३। को डि.पि.आर तयार गरेको छ । लागत अनुमान तयार गर्दा टिम लिडरको कार्यअवधि (mandays) ३.५ महिना रहेको (मासीक रु ७९८५०। को दर), आर्किटेक्टको

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | कार्यअवधि ३ महिना (मासिक रु ७५०००। को दर) रहेकोमा मिति २०७६ जेष्ठ ७ मा मात्र संझौता भएको र संझौताको मितिले ४८ दिन भित्र सम्पन्न गर्नेगरी संझौता भई सोही मितिमा सम्पन्न भएको देखिन्छ । लागत अनुमान तयार गर्दा टिम लिडरको १०५ दिन कार्यअवधि राख्ने तर संझौता गर्दा ४८ दिनभित्र सम्पन्न गर्ने उल्लेख भएकोले लागत अनुमान यथार्थपरक देखिएन । नियमावलीमा भएको व्यवस्थाको पालना नगरी लागत अनुमान यथार्थपरक नवनाई संझौता गरी खर्च गर्नु उचित देखिएन । | |
| २४.२ | **इतिहास लेखनको कार्य इन्जिनियरीङ फर्मवाट गराएको :** आलमदेवी मन्दिरको गुरुयोजना तयार गर्न एक परामर्शदातालाई दिइसकेपछि अर्को काम आलमदेवीको इतिहास लेखन कार्य भनि हिमाल इन्जिनियरीङ कन्सल्टेन्सी संग संझौता गरी रु ३४९,१७०। खर्च गरेको छ । इतिहास लेखनको कार्य इतिहासविदको हुने तथा पुरातत्व संग सरोकार राख्ने भए पुरातत्व विभागसंग हुने भएतापनि इन्जिनियरीङ फर्मवाट इतिहास लेखनको कार्य गर्नु उचित देखिएन । उक्त खर्चको प्रतिवेदन पेश भएको छैन भने लागत अनुमानको आधार समेत पेश भएको छैन । यस्तो प्रकारले गरेको खर्च अनियमित देखिएको रु ... | ३४९,१७०/ |
| २४.३ | **लागत अनुमान तयार नगरी परामर्शसेवाको कार्य गराएको :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्शदाताको लागत अनुमान तयार गर्नुपर्ने, जसमा लागत अनुमान तयार गर्दा मन्त्रालयले तयार पारेको नर्म्स, गत वर्षको नर्म्स, सोही प्रकृतिको कार्य गर्ने अन्य निकाय आदिले तयार पारेको नर्म्स आदि कुरालाई आधार वनाई लागत अनुमान तयार पार्नुपर्ने उल्लेख छ । यस पालिकाले पुजीगत शिर्षकको भौ नं. १२ (२०७६।३।२९) वाट इ गभर्नेन्स सफ्टवयर एप्लिकेशन्स तयारीको लागि वेवम्याक्स इन्जिनियरीङ काठमाडौंलाई रु १९७७५००। भुक्तानी गरेकोमा लागत अनुमान तयार गरेको छैन । लागत अनुमान तयार नगरी ३ वटासंग दररेट माग गरेकोमा दुइ फर्मले रु २० लाख भन्दा माथिको दररेट पेश गरेको तर एकले २० लाख भन्दा कमको दररेट पेश गरेको आधारमा स्वतः छनोट भएको देखिन्छ । उक्त एप्लिकेशन कस्तो हुने र के के कार्य गर्ने हो सोही अनुसार अन्य स्थानीय तहले प्रयोग गरेको दर माग गरी लागत अनुमान तयार गर्नुपर्नेमा लागत अनुमान नै तयार नगरी खर्च गर्नु उचित नदेखिएकोले नियमसंगत नभएको रु ... | १९७७,५००/ |
| २४.४ | **लागत अनुमान तयार नगरी परामर्शसेवाको कार्य गराएको :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्शदाताको लागत अनुमान तयार गर्नुपर्ने, जसमा लागत अनुमान तयार गर्दा मन्त्रालयले तयार पारेको नर्म्स, गत वर्षको नर्म्स, सोही प्रकृतिको कार्य गर्ने अन्य निकाय आदिले तयार पारेको नर्म्स आदि कुरालाई आधार वनाई लागत अनुमान तयार पार्नुपर्ने उल्लेख छ । यस पालिकाले विर्घाकोट मन्दिर तथा भ्यु टावरको डिपिआर तयारी गर्न सखुवा इन्जिनियरीङ कन्सल्टेन्सी प्रा लि संग रु १३५६,०००। को संझौता गरी भुक्तानी गरेको छ । लागत अनुमान तयार गर्दा नर्म्स तयार नगरी टिम लिडरको २ महिना (म्यान मन्थ) (मासीक दर रु ७९८५०), आर्किटेक्टको २ महिना, इन्जिनियरको २ महिना आदि लाग्ने गरी लागत अनुमान तयार गरेको देखियो । म्यान मन्थको हिसाव एकिन नगरी अनुमानको आधारमा महिना एकिन गरी लागत अनुमान तयार गरी खर्च गर्नु उचित देखिएन । उक्त कार्य अनियमित देखिएको रु.. | १३५६,०००/ |
| २४.५ | **वीमा :** माथि उल्लेखित सम्पुर्ण परामर्शदाता संग भएको संझौतामा केही संझौतामा वीमाको प्रावधान राखिएको छ तर कसैको पनि वीमा गरेको प्रमाण पेश भएको छैन । अतः वीमा गर्ने कार्यलाई अनिवार्य वनाउनुपर्दछ । | |
| | **विशेष अनुदान तर्फ :** | |
| २५ | **कार्यविधि विपरीत वजेट विनियोजन :** विशेष अनुदान सम्वन्धी कार्यविधि, २०७५ को दफा ३ मा विशेष अनुदान प्रदान गरिने क्षेत्र र आधार रहेको छ । जसमा न्युन साक्षरता भएको ठाउँमा शैक्षिक कार्यक्रम, स्वास्थ्य सेवा सम्वन्धी विशेष कार्यक्रम, खानेपानी आपुर्ति सम्वन्धी कार्यक्रम, अल्पसंख्यक, दुर्गम, सिमान्तकृत वर्गको लागि लक्षित कार्यक्रम, खाद्यान्न उत्पादन न्युन भएको क्षेत्रमा खाद्य सुरक्षा कार्यक्रम र फोहोरमैला व्यवस्थापनको क्षेत्रमा खर्च गरिने उल्लेख छ । यस वर्ष कार्यालयलाई विशेष अनुदान वापत रु १८०,८०,६३५। प्राप्त भएकोमा उक्त रकम खानेपानी योजनाको लागि जोगीडाडा लिफि्टङ खानेपानी योजना र कालिगण्डकी नदी तटवन्ध निर्माणको काममा खर्च भएको छ । कार्यविधिमा खानेपानी योजना | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | र तटवन्ध निर्माणको कार्यमा वजेट विनियोजन हुने नसक्नेमा समेत विशेष अनुदानमा राखी वजेट विनियोजन गर्नु उचित देखिएन । | |
| २६ | **वीमामा वढी भुक्तानी :** वीमा रकम भुक्तानी गर्दा संझौताको शर्त पालना गर्नुपर्दछ । जोगीडाडा लिफ्टिङ खानेपानी आयोजनाको लागि एन एण्ड ए कन्स्ट्रक्सन एण्ड सप्लायर्सलाई वीमा ( लम सम अन्तर्गत) वापतको भुक्तानी गर्दा अवधि कभर गर्नुपर्नेमा कम अवधिको वीमा गरेको प्रमाण पेश गरेको छ । वीमाको अवधि त्रुटी सच्याउने अवधि सम्मको हुनुपर्ने अर्थात २०७६।२।६ देखी २०७७।३।२० सम्म ४१० दिनको हुनुपर्नेमा २०७६।३।१५ देखी २०७७।३।१५ सम्म ३६५ दिनको भएको देखिन्छ । वीमा वापत कुल ५६५००। भुक्तानी भएकोमा ४५ दिन घटी अवधिको हुन आउने रु ६२०१। असुल गर्नुपर्ने रु .... | ६२०१/ |
| २७ | **खानेपानीको डिष्ट्रिव्युसन लाइनमा समेत कार्यालयको योगदान :** साधारणतया खानेपानीको ट्रान्समिसन लाईन कार्यालयले र डिष्ट्रिव्युसन लाईन उपभोक्ता समुहको योगदान रहेको देखिन्छ । यस संवन्धमा गण्डकी प्रदेश सरकारले तयार गरेको "उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७५" अनुसार खानेपानीको पाइपलाईन खन्ने कार्य साधारणतया उपभोक्ताको रहने उल्लेख छ । कार्यालयले जोगिडाडा लिफ्टिङ खानेपानी आयोजनाको कार्य गर्न एन एण्ड ए कन्स्ट्रक्सन एण्ड सप्लायर्सलाई रु १४५,३९,११२। भुक्तानी दिएकोमा वितरण डिष्ट्रिव्युसन) लाईनको खन्ने र पुर्ने कार्यको लागि मात्र रु २५,५५,२७४। भुक्तानी भएको देखियो । वितरण प्रणालीको काम उपभोक्ता समुहमार्फत गराई खानेपानी योजना हरुमा उपभोक्ताको अपनत्व वढाउनुपर्ने देखिन्छ । | |
| २७.१ | उक्त योजनाको लागि निर्माण व्यवसायी एन एण्ड ए कन्स्ट्रक्सन एण्ड सप्लायर्सलाई रु २९ लाख पेश्की दिएको देखिएको तर पेश्की जमानत रकम रु २२ लाख मात्र राखेको देखियो । पेश्की जमानतको रकम दिएको पेश्की भन्दा वढी हुनुपर्नेमा रु ७ लाख कम भएको अवस्थामा पुरै पेश्की दिनु उचित देखिएन । | |
| २८ | **मु.अ.कर भुक्तानी:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिले गरेको खर्चको स्रेस्ता, विलभर्पाई स्थानीय निकायले जाँचगरी प्रतिवेदन लिने व्यवस्था छ । यो बर्ष उपभोक्ता समिति लाई खरिद मूल्यमा मूल्य अभिबृद्धि कर सहित रकम भुक्तानी दिनेगरी लागत अनुमान गरी सोहि बमोजिम कार्य सम्पन्न भई भुक्तानी दिएकोमा विलमा समावेश भएको भन्दा वढी भुक्तानी भएको मुल्य अभिबृद्धि कर असूल गरी संचित कोष दाखिला गर्नुपर्ने रु... | ५८,६६९/ |

| सि.न. | गो.भौ. /मिति | निर्माण कार्यको विवरण | उ.स.लाई भुक्तानी भएको रकम | उ.स.लाई मु.अ.कर भुक्तानी रकम | विलमा समावेश मू.अ.कर रकम | घटी मू.अ.कर रकम |
|---|---|---|---|---|---|---|
| | **माटो काट्ने कामको लागि :** | | | | | |
| १. | १९८-०७६/२/२७ | ठाँटी भन्ज्याङ हटिया रानीघाट मो वाटो | २९१००० | ३९६९२ | २९६८४ | १०००९ |
| २. | २७१-०७६/३/२२ | जोगिडाडा घिस्दी मोटरवाटो समिति | ९७०००० | १४११३१ | ११५२४५ | २५८८६ |
| ३. | १७७-०७६/२/१९ | लामापोखरी आलम जख्खुआप मोटरवाटो | १४५५०० | २१३२३ | १४३४२ | ६९८१ |
| | **सिमेन्टको परिमाणको भुक्तानी र विल :** | | | | | |
| ४. | २१८-०७६/३/४ | लसर्घाविशी टारी कुलो याजना | २४२५०० | १२६३० | ७२८० | ५३५० |
| ५. | २३१-०७६/३/१३ | मरेङदा ठाडोकुलो राकस्दीकुलो निर्माण योजना | १४५५०० | ७०४२ | २६३९ | ४४०३ |
| ६. | २४१-०७६/३/१६ | वृद्ध भवन निर्माण समिति वडा नं. १ | ४८५००० | १२४७६ | ६४३५ | ६०४० |
| | | | | | | ५८६६९ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| २९ | **प्रदेश समपुरक अनुदान :**<br>**म्याद थप** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० (सातौं संसोधन मार्फत थप गरेको) मा शुरु सम्झौताको पचास प्रतिशतभन्दा बढी हुने गरी म्याद थप गर्न पाइने छैन भन्ने उल्लेख छ। कार्यालयले प्रदेश समपुरक अनुदान अन्तर्गत विर्घाटार लिफि्टङ सिंचाइ योजनाको लागि रु ११३,४०,३६३। मा भिमेश्वर ड्रिलिङ तथा निर्माण सेवा प्रा लि संग मिति २०७६।३।२० भित्र सम्पन्न गर्ने गरी मिति २०७६।१।९ मा संझौता गरेको देखिन्छ । उक्त समयावधि भित्र सम्पन्न गर्न नसकि शुरुमा असोज मसान्त सम्म र पुन: पुष सम्म म्याद थप गरेको देखिन्छ । नियमावलीको नियम १२० मा म्याद थप गर्नुपर्ने भएमा म्याद भित्रै निवेदन दिनुपर्ने र संझौता अवधिभित्रै म्याद समेत थप गरिसक्नुपर्ने उल्लेख भएकोमा असार २० को अन्तिम अवधि रहेकोमा असार २५ मा मात्र म्याद थपको लागि निवेदन दिएको देखियो । साथै संझौताको मितिले ७१ दिन भित्र कार्यसम्पन्न गर्नुपर्नेमा नगरेको कारण १८० दिन म्याद थप गरेको देखियो । नियमावलीमा भएको प्रावधान अनुसार ३६ दिन भन्दा वढी म्याद थप गर्न नहुनेमा १८० दिन सम्म म्याद थप गर्नु नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल देखियो। यस्तो तरिकाले म्याद थप गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ र निजलाई पुर्वनिर्धारित क्षतिपुर्ति लगाई कार्यसम्पन्न गराउनुपर्ने देखिन्छ । | |
| ३० | **आन्तरीक आय व्यवस्थापन :** यस स्थानीय तहले यस वर्ष देहायअनुसार आन्तरीक आयको ठेक्का लगाएकोमा देखिएका व्यहोरा देहायअनुसार छन् : | |
| ३०.१ | **परिमाण नखुलाएको** : नदी जन्य पदार्थको विक्रिको लागि वातावरणीय प्रभाव मूल्यांकन गरी निश्चित परिमाण तोकी उन्खननको स्वीकृति दिई ठेक्का लगाउनुपर्दछ । तर कार्यालयले ४ स्थानको नदीजन्य पदार्थको ठेक्का लगाएकोमा परिमाण नै उल्लेख नगरी ठेक्का लगाएको छ। जसले गर्दा उठाउनुपर्ने भन्दा वढी उठाए नउठाएको एकिन गर्न नसकिने अवस्था छ भने ठेक्का लगाईएका खोलाको अनुगमन गरी सो को प्रतिवेदन समेत पेश गरेको छैन । यसले गर्दा ठुलो परिमाणमा नदी जन्य पदार्थको विक्रि गरेको हुने संभावना पनि देखिन्छ। यसमा सुधार गर्नूपर्दछ । | |
| ३०.२ | **घटी दरमा कर उठाएको** : प्रदेश आर्थिक ऐन, २०७५ को अनुसूचि ६ मा रोडा, ढुंगा, गिट्टी, चिप्स गेग्रान, चट्टानको संकनलको दर प्रति क्यु. फिट रु ४। को दरले कर संलकन गर्ने उल्लेख छ। कार्यालयले यस वर्ष विभिन्न २ फर्मवाट नदीजन्य पदार्थ विक्रिवापत रु. १२,४८,७६३। को संझौता गरी उक्त रकम संकलन गरेको छ । तर संकलन तथा विक्रिको दर प्रति घन मि. ७० (अर्थात प्रति क्यु. फिट रु १.९८२) को दरले संकलन गरेको छ । प्रति क्यु फिट रु ४। को दरले विक्रि गर्दा रु २५,२०,२०८। प्राप्त हुनुपर्नेमा घटी दर कायम गरेको कारण प्राप्त हुनुपर्ने आय भन्दा रु १२७१,४४५। कम आय प्राप्त भएको छ । प्रदेश ऐनको व्यवस्थालाई कार्यान्वयन नगरी घटी दर राखी कर संकलन गर्दा रु १२७१,४४५। ले घटी आम्दानी गरेकोले उक्त रकम अनियमित देखिएको रु .... | १२,७१,४४५/ |
| ३१ | **प्रदेश साझेदारी तर्फ :** सार्वजनिक खरिद नियमवाली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त बमोजिम प्राविधिक नाम जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनु पर्ने उल्लेख छ । पालिका वाट खरिद सम्झौता भै निर्माण कार्य भएको र निर्माण सम्पन्न भएको योजनाका उपभोक्ता समिति, निर्माण सेवा र फर्म हरुलाई रनिङ्ग विल तथा अन्तिम विलको भुक्तानी गर्दा दररेट फरकपारी भुक्तानी भएको, वास्तविक कार्यसम्पादन भएको भन्दा वढी भुक्तानी हुने गरी रनिङ्ग तथा अन्तिम विलवाट भुक्तानी दिएको पाईयो । सम्झौताको शर्त, प्राविधिक मूल्यांकन तथा नापी कितावमा उल्लेखित परिमाण भन्दा वढीको भुक्तानी दिएको व्यहोरा यस प्रकार रहेको छन । | |
| ३१.१ | **३०।०७६।२।२६** वडा नं. ४ स्थित गहलम बनकासी पुच्छारे खहरे ग्रामिण सडक को पूर्वाधार कार्यलय वाट ७० प्रतिशत र पालिका वाट ३० प्रतिशत खर्च व्याहोर्ने गरी उपभोक्ता समिति मार्फत कार्य गराएका सडक निर्माण कार्यको एन.पि.थ्रि ९० सि.एम.को ह्युम पाइपको आ.व. ०७५।०७६ को स्वीकृत स्थानीय दररेट अनुसार प्रति मिटर रु १३५६१ र स्थानीय दररेट अनुसार १०० कि.मि. देखि २०० कि.मी. सम्मको | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>३० प्रतिशत ढुवानी दर अनुसार प्रति मिटर ह्युम पाइपको रु ४०६८।३० र ह्युम पाइपको मू.अ.कर थप रु १७६२।९३ समेत प्रति मिटर रु १९३९२.२३ हुने र त्यत्रै एन.पि.थ्री ४५ सि.म.को ह्युम पाइमको प्रति मिटर दर ५५१६ मा ढुवानी ३० प्रतिशत थप रु १६५४।८० र मू.अ.कर थप समेत रु ७८८७.८० हुनेमा फरक दर राखी तपसिल बमोजिम भुक्तानी गर्दा रु १८६००। वढी खर्च भएको छ । वढी खर्च भएको उक्त रकम मध्ये उपभोक्ता समितिको अंश ११.११ प्रतिशत घटाई वढी भुक्तानी भएको रु १६५३४। रकम सम्वन्धित उपभोक्ता समितवाट असूल हुनुपर्दछ रु..........
<table>
<tr><th>ह्युम पाइपको विवरण</th><th>परिमाण</th><th>र.मी.</th><th>लिइएको दर</th><th>स्वीकृत दर</th><th>फरक दर</th><th>वढी खर्च</th></tr>
<tr><td>९० सि.एम. ह्युम पाइप एन.पि.थ्री हेभी</td><td>१०</td><td>२५</td><td>१९९२१.११</td><td>१९३९२.२३</td><td>५२८.८८</td><td>१३२२२</td></tr>
<tr><td>४५ सि.एम. ह्युम पाइप एन.पि.थ्री. हेभी</td><td>१०</td><td>२५</td><td>८१०३</td><td>७८८७.८८</td><td>२१५.१२</td><td>५३७८</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td>१८६००</td></tr>
</table></td><td>१६,५३४/</td></tr>
<tr><td>३१.२</td><td>४।०७६।३।३१ वडा नं. ६ स्थित छाप दव्छे सुलसुले ग्रामिण सडक निर्माण कार्यको कुल मूल्यांकन रु २५१५४०६। मध्ये सम्झौता अनुसार उपभोक्ता समितिको योगदान १५.१९ प्रतिशत ले हुने रु ३८२०९०। घटाई वाँकी रकम रु २१३३३१६। मात्र प्रदेश साझेदारी तथा गाउपालिका समपूरक कोष वाट खर्च लेख्नु पर्नमा उपभोक्ता समितिको श्रमदान घटी कटाई प्रदेश साझेदारी वाट रु १७०७८६३। र गा.पा. समपुरक कोष वाट रु ५२८३३२। समेत रु २२३६१९५। भुक्तानी खर्च लेखेकोले रु १०२८७९। वढी खर्च लेखेको छ । सम्झौताको शर्त अनुसार श्रमदानको अंश घटी कटाई वढी भुक्तानी भएको उक्त रकम सम्वन्धित उपभोक्ता समितिवाट असूल हुनु पर्ने रु......</td><td>१०२,८७९/</td></tr>
<tr><td>३२</td><td>६।०७६।३।३१ र ३७८।०७६।३।३१ उपभोक्ता समिति मार्फत निर्माण कार्य भएको गहलाम बनकासी पुच्छार खहरे ग्रामिण सडकको रु ३८६९८६९। को कामको मूल्यांकन भएको स्रेस्ता फाइल परीक्षण गर्दा मेशिन लगाएर सडक खन्ने कार्यको Earth work calculation sheet अनुसार को कूल कार्य परिमाण ११२.५० घ.मी. भएको मध्ये कडा माटो काट्ने कार्य ७०।९८ घ.मी. र नरम चट्टान काट्ने कार्य ४१.५२ घ.मी. उल्लेख भएकोमा रनिङ्ग विलवाट ७६०.५ घ.मी. को खर्च लेख्दा तपसिल वमोजिम रु ८३४७५। वढी खर्च लेखेको मध्ये उपभोक्ता समितिको योगदान १०.४८ प्रतिशत घटाई रु ७४७२७ वढी भुक्तानी भएको छ । वास्तविक माटो काट्ने भएको भन्दा वढी परिमाण को रनिङ्ग विल वाट खर्च लेख्दा वढी भुक्तानी हुन गएको उक्त रकम असूल हुनुपर्ने रु ....
<table>
<tr><th>विवरण</th><th>earth work calculation sheet अनुसार road cutting को परिमाण</th><th>विल वाट खर्च लेखेको परिमाण</th><th>वढी खर्च लेखेको परिमाण</th><th>दर</th><th>वढी खर्च</th></tr>
<tr><td>कडा माटो काट्ने कार्य</td><td>७०.९८ घ.मी.</td><td>६२१.७८ घ.मी</td><td>५५०.८० घ.मी</td><td>१०१.७०</td><td>५६०१७</td></tr>
<tr><td>नरम चट्टान काट्ने कार्य</td><td>४१.५२ घ.मी.</td><td>१३८.७२ घ.मी</td><td>९७.२ घ.मी.</td><td>२८२.५०</td><td>२७४५९</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>८३४७६</td></tr>
</table></td><td>७४,७२७/</td></tr>
<tr><td>३३</td><td>मूल्य अभिबृद्धि कर भुक्तानी : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिले गरेको खर्चको स्रेस्ता, विल भर्पाइ स्थानीय निकायले जाँचगरी प्रतिवेदन लिने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिलाई खरिद मा मूल्य अभिबृद्धि कर सहित रकम भुक्तानी दिने गरी लागत अनुमान तयार गरी सोही वमोजिम कार्य सम्पन्न भई भुक्तानी दिएकोमा विलमा समावेश भएको भन्दा वढी भुक्तानी भएको मूल्य अभिबृद्धि कर रु ९८६५८। असूल गरी संघिय सञ्चित कोष दाखिला गर्नु पर्ने रु ....
<table>
<tr><th>गो.भौ. /मिति</th><th>निर्माण कार्यको विवरण</th><th>मूल्यांकन रकम</th><th>मू.अ.कर भुक्तानी रकम</th><th>विलमा समावेश मू.अ.कर रकम</th><th>घटी मू.अ.कर रकम</th><th>कैफियत</th></tr>
</table></td><td>९८,६५८/</td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>३०।०७६।२।२६</td><td>वडा नं. ४ स्थित गहलम वनकासी पुच्छार खहरे ग्रामीण सडक</td><td>७७९४८९१</td><td>३४८५५३</td><td>३३३४१९</td><td>१५१४३</td><td rowspan="3">मेशिन द्धारा सडक खन्ने आइटम को मात्र गणना गरिएको</td></tr>
<tr><td>४।०७६।३।३१ र ३८५।०७६।३।३१</td><td>वडा नं. ६ स्थित छाप दन्छे सुलसुले ग्रा. सडक</td><td>२५१५४०६</td><td>६४०१९</td><td>३७३९०</td><td>२६६२९</td></tr>
<tr><td>५।०७६।३।३१ र ३९०।०७६।३।३१</td><td>वडा नं ५,६,३ र १ स्थित जैपते तिहाक वारीचौर रानीघाट रिडी ग्रा. सडक</td><td>४३४६४६९</td><td>३२२७१९</td><td>२६५८२४</td><td>५६८९५</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>९८६६७</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३४</td><td>सामाजिक तथा आर्थिक लेखापरीक्षण : ५।०७५।१२।०७ स्थानीय तह अन्तर्गत सञ्चालित सामूदायीक विद्यालय मध्ये आधारभुत तह (कक्षा १ देखि ५, कक्षा १ देखि ८) सञ्चालित विद्यालय हरुका लागी प्रति विद्यालय रु १० हजारका दरले र माध्यमिक तह (कक्षा १ देखि १०, कक्षा १ देखि १२) सञ्चालित प्रति विद्यालयलाई रु १५ हजारको दरले सामाजिक तथा आर्थिक लेखापरीक्षण लगायतका क्रियाकलाप सञ्चालन गर्नका लागी एक मूष्ठ अनुदान दिन व्यावस्था विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यन्वयन पुस्तिका २०७५।७६ को क्रियाकलाप नं. २.१५.११.७९८ मा उल्लेख छ। पालिकाले यस बर्ष ३५ विद्यालय लाई सामाजिक तथा आर्थिक लेखापरीक्षण कार्य का लागी रु ४००,०००। अनुदान निकासा दिएकोमा सवै विद्यालय हरुले लेखापरीक्षण गराएको प्रमाण स्थानीय निकायमा उपलब्ध गराएको छैनन । गत विगत देखिनै विद्यालय हरुले लेखापरीक्षण नगराउने तर सो वापतको को रकम निकासा जाने गरेको कारण विद्यालय हरुले गरको खर्च रकममा पारदर्शिता तथा जवाफदेहितामा असर परेको छ । यो बर्ष समेत लेखापरीक्षण नगराएको कारण उक्त अनुदान रकम निकासा दिन मिल्ने देखिदैन । अत अनुदान रकम तथा विद्यालयको आन्तरिक स्रोत वाट भएको खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागी सवै विद्यालय हरुले लेखापरीक्षण गराएको प्रमाण पेश हुनुपर्ने रु.........</td><td>४००,०००/</td></tr>
<tr><td>३५</td><td>विद्यालय सुधार (SIP) योजना : ५।०७५।१२।७ स्थानिय तह अन्तर्गत सञ्चालित सामूदायिक विद्यालयहरु मध्ये आधारभुत तह सञ्चालित विद्यालयका लागी प्रति विद्यालय रु १५ हजार तथा माध्यमिक तह सञ्चालित विद्यालयका लागी प्रति विद्यालय रु २० हजारका दरले विद्याल सुधार योजना सञ्चालन कार्यका लागी एकमूष्ठ अनुदान निकासा दिने र यस प्रकारको अनुदान पाउने विद्यालय हरुले विद्यालय सुधार योजना सहयोगी पुस्तिका २०७४ बमोजिम विद्यालय सुधार योजना (SIP) निर्माण तथा आध्यावधिक गरेको विवरण अनिवार्य रुपमा स्थानीय निकायलाई उपलब्ध गराउनु पर्ने व्यवस्था विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यन्वयन पुस्तिका २०७५।७६ को क्रियाकलाप नं. २.१५.११.७९८ मा उल्लेख छ । यस बर्ष पालिकाले ३५ विद्यालयलाई विद्यालय सुधार योजना कार्यको लागी रु ५७५०००। अनुदान उपलब्ध गराएकोमा कुनै पनि विद्यालय सुधार योजना पालिकामा पेश भएको प्रमाण लेखा परीक्षणको क्रममा पेश भएन । विद्यालय सुधार योजना पेश नगर्ने विद्यालय हरुलाई यस प्रकारको अनुदान निकासा दिन मिल्ने नदेखिएकोले कार्यन्वयन पुस्तिका २०७५।७६ ले व्यवस्था गरे वमोजिम सवै विद्यालय हरुले विद्यालय सुधार योजना पेश गर्नुपर्ने अन्यथा यस वापत निकासा दिएको रकम विद्यालय वाट फिर्ता प्राप्त गरी संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु......</td><td>५७५,०००/</td></tr>
<tr><td>३६</td><td>निशूल्क पाठ्य पुस्तक अनुदान : १९।०७६३।१९ कक्षा १ देखि १० सम्म अध्ययनरत विद्यार्थी को लागी विद्यालय लाई निशुल्क पाठ्य पुस्तक वापतको अनुदान दिदा पाठ्यक्रम विकास केन्द्र जनक शिक्षा सामाग्री केन्द्र लिमिटेडको स्वीकृत मूल्य सुचीको आधारमा विद्यालयमा अध्ययनरत विद्यार्थी एकीन गरी EMIS DATA अनुसार दिनु पर्ने व्यवस्था विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यन्वयन पुस्तिका २०७५।७६ को क्रियाकलाप नं. २.१५.११.७६१ मा उल्लेख छ। यस पालिकाले उपलब्ध गराएको विवरण अनुसार EMIS</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>DATA UPDATE भएका सामूदायीक विद्यालय हरुमा कक्षा १ देखि १० सम्म अध्ययन गर्ने २५५१ विद्यार्थी संख्या रहेकोले विद्यालय हरुलाई निशुल्क पाठ्यपुस्तक वापतको रकम अनुदान दिदा तपसिल वमोजिम रु १००२८२०। मात्र निकासा दिनुपर्नेमा पालिकाले रु १४१६३३९। निकासा दिएकोले EMIS DATA अनुसार निशुल्क पाठ्यपुस्तक अनुदान निकासा खर्च लेख्नु पर्ने भन्दा रु ४१३५१९। वढी खर्च लेखेको छ । अध्यावधिक विद्यार्थी सख्या लाई स्वीकृत मूल्य सुचीले गणना गरी हुन आउने रकम भन्दा वढी खर्च लेखेको उक्त रकम के कुन विद्यालयलाई वढी निकासा गएको हो एकीन पश्चात फिर्ता प्राप्त गरी संघिय सञ्चित कोष दाखिला गर्नूपर्ने रु......
<table>
<tr><th>कक्षा</th><th>विद्यार्थी सख्या</th><th>पाठ्य पुस्तक दर</th><th>खर्च लेख्नु पर्ने अनुदान</th></tr>
<tr><td>१.</td><td>२३७</td><td>२४४</td><td>५७८२८</td></tr>
<tr><td>२.</td><td>२४१</td><td>२३६</td><td>५६८७६</td></tr>
<tr><td>३.</td><td>२३४</td><td>२८८</td><td>६७३९२</td></tr>
<tr><td>४.</td><td>२०७</td><td>३३६</td><td>६९५५२</td></tr>
<tr><td>५.</td><td>२४२</td><td>३७२</td><td>९००२४</td></tr>
<tr><td>६.</td><td>२५४</td><td>४५१</td><td>११४५५४</td></tr>
<tr><td>७.</td><td>२३८</td><td>५०२</td><td>११९४७६</td></tr>
<tr><td>८.</td><td>२६४</td><td>५४४</td><td>१४३६१६</td></tr>
<tr><td>९.</td><td>३०४</td><td>४४३</td><td>१३४६७२</td></tr>
<tr><td>१०.</td><td>३३०</td><td>४५१</td><td>१४८८३०</td></tr>
<tr><td></td><td>२५५१</td><td></td><td>१००२८२०</td></tr>
</table></td><td>४१३,५१९/</td></tr>
<tr><td>३७</td><td>पेश्की ग्यारेन्टी : १।०७६।१।३० सार्वजनिक निकायले आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायक लाई पेश्की दिदा त्यस्तो पेश्की रकम खाम्ने गरी र निजले सम्झौता वमोजिम काम नगरेमा सो निकायले अनुरोध गरेपछि तत्काल भुक्तानी गर्ने गरी वाणिज्य बैकवाट जारी भएको बैक जमानत लिई पेश्की दिनु पर्ने व्यवस्था सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(३) मा उल्लेख छ । वहुदेशिय सभाहल निर्माण कार्यको सरस्वती निर्माण सेवालाई निर्माण कार्यको सम्झौता पश्चात बैक जमानत वेगर रु १५००,०००। पेश्की दिएको छ । कार्यलयले पेश्की रकम खाम्ने गरी बैक जमानत लिनुपर्ने र निर्माण सेवाले सम्झौता वमोजिमको कार्य नगरेमा प्रत्याभुत गरीएको रकम बैक वाट फिर्ता लिनु पर्ने अवस्था सृजना हुन सक्ने अवस्थाको विचार नगरी बैक जमानत वेगर निर्माण सेवालाई दिएको पेश्की रकम कानुन सम्मत देखिदैन । निर्माण सेवालाई दिएको रु १५००,०००। पेश्की रकम मध्ये पालिकाले २।०७६।३।३१ मा प्रथम विलको भुक्तानी गर्दा रु ३७५०००। र २०७६।१०।१४ मा वाँकी रु ११२५,०००। फछर्यौट भएको देखिन्छ । वैंक जमानत वेगर पेश्की दिने कार्य नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>वित्तिय समानिकरण पूँजीगत तर्फ :</td><td></td></tr>
<tr><td>३८</td><td>सर्भे कार्यमा ओभरहेड भुक्तानी: ११३।०७५।१२।२५ सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ को अधिनमा रही तयार गर्नूपर्ने व्यवस्था सोही नियमावलीको नियम १२(१) मा उल्लेख छ । त्यस्तै परामर्श सेवा र अन्य सेवाको लागत अनुमान अनुसूची १ क को ढाचामा तयार गर्नूपर्ने उल्लेख गरेको छ । परामर्श सेवाको लागत अनुमान तयार गर्दा अनुसूची १ क को ढाचामा जनशक्तिको पारिश्रमिक, सोधभर्ना हुने खर्च, फुटकर खर्च र कार्यलयको व्यवस्थापन खर्च उल्लेख गरेको भएता पनि परामर्श सेवाको कुल खर्चमा १५ प्रतिशत ओभरहेड खर्च जोडि कुल लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था भएको देखिदैन । गा.पा.ले छिस्ती, पिपट, केवारवाढी खानेपानी योजनाको विस्तृत अध्ययन तथा सर्भेक्षण कार्यको लागी देहायअनुसार लागत अनुमानमा १५ प्रतिशत ओभरहेड थपगरी लागत अनुमानको तयार र सम्झौता तथा भुक्तानी गर्दा तपसिल बमोजिम ओभरहेड खर्च रु. ४८५९६। बढी भुक्तानी भएको छ । खरिद कानुनमा परामर्श सेवामा ओभरहेड खर्च</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>लेख्न पाउने उल्लेख नभएकोले भिजन नेक्स्ट प्रा.लि. लाई ओभरहेड खर्च जोडी भुक्तानी दिएको रकम असूल हुनुपर्ने रु.....
<table>
<tr><th>योजना सख्या</th><th>ओभरहेड खर्च वाहेकको प्रति योजना हुने लागत</th><th>भुक्तानी हुने रकम</th><th>ओभरहेड जोडी तयार पारेको लागत अनुमान प्रति योजना</th><th>जम्मा भुक्तानी खर्च</th><th>वढी भुक्तानी रकम</th></tr>
<tr><td>३</td><td>१२२५६५</td><td>३६७६९६</td><td>१४०२००</td><td>४१६२९२</td><td>४८५९६</td></tr>
</table></td><td>४८५९६/</td></tr>
<tr><td>३९</td><td>अध्यक्ष कप खेलकुद तथा वडा स्तरीय खलेकूद प्रतियोगिता : वार्षिक वजेट अन्तर्गत शुरु कार्यक्रममा अन्तर पालिका स्तरीय अध्यक्ष खेलकूद तथा वडा स्तरीय खेलकूद प्रतियोगिता सञ्चालनको लागी भएकोमा स्रेस्ता परीक्षण बाट देखिएका व्याहोरा यस प्रकार छ ।<br>
● अन्तर -सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २९ मा पूँजीगत खर्चको रुपमा विनियोजन भएको वजेट चालु खर्च शिर्षकमा रकमान्तर गर्न नपाइने व्यवस्था रहेको छ । यस पालिकाले अध्यक्ष कप खेलकुद तथा वडा स्तरिय खेलकुद प्रतियोगिता सञ्चालनको लागी १२००,०००। बजेट विनियोजन भएकोमा रकम नपुग भएकोले मिति २०७५।०९।०६ मा वसेको गाउँ कार्यपालिकाको वैठक निर्णयनुसार नपुग ७९८७०२। बार्षिक कार्यक्रम को वडामा खेलकुद कार्यक्रम तथा मैदान निर्माण शिर्षकवाट रकमान्तर भएको देखिन्छ ।<br>
● उक्त रकम मार्फत खेलकुद सामाग्री वितरण तथा अध्यक्षकप खेलकुद कार्यक्रम २०७५।०८।२० देखी २२ सम्म सञ्चालनमा सहभागी तथा अतिथिका लागी खाजा खाना भनी रु ३७५०००, ड्रेस जर्सी खरिदमा २४९०५२। सामाग्री खरिद (सिल, मेडल, बल, जाली) मा २१२४१०।, पुरस्कारमा २७०,०००।, रेफ्रि तथा प्रशिक्षक पारिश्रमिक १२३०००।, यातायात २३७५००। अन्य व्यवस्थापन (प्रमाण पत्र, प्रशंसा पत्र, सम्मान पत्र, फोटोकपि फ्रेम, व्यानरर, साउण्ड सिस्टम, गेट व्यवस्थापन, पानी तथा विद्युत, मायाको चिनो तथा दोसल्ला, अडियो तथा भिडियो, ग्राउण्ड व्यावस्थापन तथा अन्य सामाग्री) आदिमा ३०५,५००। र खेल मैदान सम्याउने तथा घास व्यवस्थापनमा २०६२५०। खर्च भएको देखिन्छ । खेलकुद प्रवर्द्धनको लागि प्रतियोगिता संचालन गर्नु आवस्यक भएतापनि अनउत्पादन क्षेत्रमा ठुलो रकम खर्च गर्नु उचित देखिएन ।</td><td></td></tr>
<tr><td>४०</td><td>पूँजीगत वाट चालु खर्च : एकिकृत आर्थिक संकेत तथा बर्गिकरण र व्याख्या, २०७४ मा पुँजीगत शिर्षकमा विनियोजन बजेटबाट चालू खर्च गर्न नपाइने उल्लेख छ । यस पालिकाको कार्यलयले यो आर्थिक बर्षमा सभा बाट पारित गरी चालु प्रकृतिका खर्च हरु पूँजीगत बजेटमा समावेश गरी बजेट खर्च लेख्ने गरेको छ । चालु प्रकृतिका खर्चलाई चालु बजेट शिर्षकमा समावेश गरी पाकिाले बजेट खर्च लेख्नु पर्दछ । पूँजीगत बजेटमा समावेश गरी चालु प्रकृतिका खर्च लेखेको व्याहोरा र रकम यस प्रकार रहेको छ ।
<table>
<tr><th>गो.भौ./मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>३।०७५।६।१</td><td>वडा नं. ४ को तिज विशेष कार्यक्रम को वडा अध्यक्ष चक्रमणी पाण्डे लाई भुक्तानी</td><td>३००००</td></tr>
<tr><td>७।०७५।६।११</td><td>शिक्षा सेवा आयोगको परीक्षा तयारीको कक्षा संञ्चालन खर्च</td><td>१७४२२५</td></tr>
<tr><td>६।०७५।६।१०</td><td>वडा नं. ७ को तिज विशेष कार्यक्रमको वडा सचिव राम प्रसाद न्यौपानेको खर्च</td><td>३००००</td></tr>
<tr><td>५।०७५।६।२५</td><td>वडा नं. ६ को तिज विशेष कार्यक्रमको वडा सचिव कूल राज भट्टराईको खर्च</td><td>३००००</td></tr>
<tr><td>१०।०७५।६।२५</td><td>वडा नं. ३ को तिज विशेष कार्यक्रमको सोधभर्ना खर्च</td><td>३००००</td></tr>
<tr><td>१७।०७५।७।८</td><td>तेक्वान्दो खेलाडी राजन रशाइली लाई प्रोत्साहन भुक्तानी</td><td>२००००</td></tr>
<tr><td>२१।०७५।८।४</td><td>वडा नं. ५ को तिज गित नृत्यको अर्जुन तिवारीको सोधभर्ना खर्च</td><td>३००००</td></tr>
</table></td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| | | |
|---|---|---|
| ४५४।०७६।३।३० | दलित साझा मञ्च लाई भुक्तानी | १२५००० |
| | | ४६९२२५ |

४१ **मूल्य अभिबृद्धि कर भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिले गरेको खर्चको स्रेस्ता, विल भर्पाइ स्थानीय निकायले जाँचगरी प्रतिवेदन लिने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिलई खरिद मूल्यमा मूल्य अभिबृद्धि कर सहित रकम भुक्तानी दिने गरी लागत अनुमान तयार गरी सोहि बमोजिम कार्य सम्पन्न भई भुक्तानी दिएकोमा विल समावेश भएको भन्दा वढी मूल्य अभिबृद्धि कर रु १८४७७। भुक्तानी भएको रकम असूल गरी संघिय सञ्चितकोष दाखिला गर्नुपर्ने रु........ **१८,४७७/**

| गो.भौ. ⁄मिति | निर्माण कार्यको विवरण | मूल्यांकन रकम | मू.अ.कर भुक्तानी रकम | विलमा समावेश मू.अ.कर रकम | घटी मू.अ.कर रकम |
|---|---|---|---|---|---|
| ३१६-०७६/३/२६ | वडा नं. ४ स्थित खहरे पिपल देखि गोरुङ्गा सम्मको मेशिन वाट माटो खन्ने कार्य | ६६८०९४ | ७६८६० | ६१८९४ | १४९६६ |
| ३३३-०७६/३/२९ | कालिगण्डकी क्याम्पस निर्माण कार्य | ५४५८४० | ४२४१९ | ३८९०८ | ३५११ |
| | | | | | १८४७७ |

४२ **वढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको सर्त वमोजिम प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनु पर्ने उल्लेख छ । यस पालिकाको कार्यलय र वडहरा कुना शिला संरक्षण उपभोक्ता समिति विच वडा नं. २ स्थित वडहरा कुना शिला संरक्षण निर्माण कार्यको लागी पालिकाले लागत अनुमानको ८६ प्रतिशत र उपभोक्ता समितिको १४ प्रतिशत लागत व्याहोर्ने गरी सम्झौता भएको थियो । निर्माण कार्य सम्पन्न पश्चात रु ६९०१७। को प्राविधिक मूल्यांकन भई प्राविधिक मूल्यांकन वाट सम्झौता अनुसार उपभोक्ता समितिको योगदान ९७२१। घटाई बाँकी रु ५९३९६। उपभोक्ता समितिलाई भुक्तानी दिन सिफारीस भएको देखिएकोमा पालिकाले उपभोक्ता समितिलाई रु ७२७५०। भुक्तानी दिएकोले रु १३३५४। वढी भुक्तानी भएको छ । अत प्राविधिक मूल्यांकन गरी उपभोक्ता समितिले भुक्तानी पाउने गरी सिफारीस भएको रकम भन्दा वढी भुक्तानी भएको रकम उपभोक्ता समिति वाट असूल हुनुपर्ने रु..... **१३,३५४/**

४३ **वढी दरको प्रयोग :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा दर विश्लेषण गरी निर्धारण गरिएको दरको आधारमा निर्माण कार्यको लागत अनुमान तयार हुनु पर्दछ । यस पालिकाको कार्यलयले विभिन्न निर्माण कार्यको निर्माण व्यवसायी मार्फत सोझै कार्य गराएको स्रेस्ता फाइल परीक्षण गर्दा मेशिनवाट पहिरो पन्छाउने कार्यको लागी स्वीकृत नर्म्स र आ.व. ०७५।७६ को स्थानीय दररेट अनुसार तय भएको प्रति घ.मि. मू.अ.कर समेत रु १०३.९६ को दररेट अनुसार सम्झौता गर्नू पर्नेमा वढी दरको विश्लेषण गरी सम्झौता तथा भुक्तानी गरको कारण तपसिल बमोजिम रु १०६९१। वढी भुक्तानी दिएको पाइयो । अत स्वीकृत नर्म्स र दर विश्लेषण वाट तय भएको दर भन्दा वढी दरमा सम्झौता गरी भुक्तानी गर्दा वढी भुक्तानी भएको उक्त रकम असूल हुनुपर्ने रु ........ **१०,६९१/**

| गो.भौ. ⁄मिति | निर्माण कार्यको विवरण | निर्माण सेवा | निर्माण कार्यको परिमाण ( घ.मि.) | भुक्तानी दर | स्वीकृत दर | वढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| ३१-०७५/९/५ | वडा नं. १ र ३ को सहायक वाटोमा पहिरो पन्छाउने कार्य | एन.वि. कन्सट्रक्सन | १०३.२४ | १५७.०७ | १०३.९६ | ५४८३ |
| ३४-०७५/९/१३ | वडा नं. ३ र ६ को वाटोमा पहिरो पन्छाउने कार्य | कालिगण्डकी निर्माण सेवा | ९०.३७ | १६१.५९ | १०३.९६ | ५२०८ |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td><table><tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td>१०६९१</td></tr></table></td><td></td></tr>
<tr><td>४४</td><td>अनुगमन भत्ता : स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन, २०७४ को दफा १५ मा यस ऐनले तोके वाहेकको अन्य सुविधा प्रदेश सरकारले तोके अनुरुप हुने उल्लेख छ भने अनुसुची १ मा पदाधिकारीले पाउने सुविधा को व्यवस्थापन गरेको छ । अनुसुची १ मा मासिक सुविधा उपलब्ध गराउने उल्लेख गरेकोले अनुगमन भत्ता दिने व्यवस्था छैन भने अनुगमन भत्ताको सम्वन्धमा प्रदेश सरकारले अन्यत्र पनि कुनै व्यवस्था गरेको देखिदैन । त्यस्तै भ्रमण खर्च नियमावली, २०६४ ले समेत अनुगमन वापत अतिरिक्त भत्ताको व्यवस्था गरेको छैन । यस पालिकाको कार्यालयले यस आ.व.मा. पालिका वाट सञ्चालित कार्यक्रम/योजना हरुको अनुगमन नगरेको उल्लेख गरी पालिकाका पदाधिकारी तथा कर्मचारीले अनुगमन गरको उल्लेख गरी रु ३७५१००। अनुगमन भत्ता खर्च लेखेको छ। पदाधिकारी तथा कर्मचारी योजना /कार्यक्रमको अनुगमन तथा भ्रमण गर्दा भ्रमण खर्च नियमावली, २०६४ को व्यवस्था अनुसार भ्रमण आदेश र भ्रमण विल पेश गरी दैनिक भत्ता तथा भ्रमण खर्च भुक्तानी लिनुपर्नेमा सो नगरी अनुगमन भत्ता खर्च लेखेको कानुन सम्मत देखिदैन । अत प्रदेश कानुनु तथा भ्रमण खर्च नियमावली मा व्यवस्था नभएको पदाधिकारी तथा कर्मचारीको अनुगमन भत्ता खर्च लेख्नु उचित देखिएन । यसरी खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th>गो.भौ. /मिति</th><th>विवरण</th><th>कानुनु विपरितको भत्ता रकम</th></tr>
<tr><td>३२२-०७६/३/२७</td><td>पदाधिकारी तथा कर्मचारी समेत जम्मा ६ जनाको अनुगमन भत्ता</td><td>५३१००</td></tr>
<tr><td>३२३-०७६/३/२७</td><td>पदाधिकारी तथा कर्मचारी समेत जम्मा ११ जनाको अनुगमन भत्ता</td><td>१०००००</td></tr>
<tr><td>३३१-०७६/३/२९</td><td>वडा सचिव दुर्गादेवी पाण्डेको अनुगमन भत्ता</td><td>५००००</td></tr>
<tr><td>३४७-०७६/३/२९</td><td>पदाधिकारी तथा कर्मचारी समेत जम्मा ५ जनाको अनुगमन भत्ता</td><td>५००००</td></tr>
<tr><td>३५०-०७६/३/२९</td><td>पदाधिकारी तथा कर्मचारी समेत जम्मा ७ जनाको अनुगमन भत्ता</td><td>५००००</td></tr>
<tr><td>३६८-०७६/३/३०</td><td>पदाधिकारी तथा कर्मचारी समेत जम्मा ६ जनाको अनुगमन भत्ता</td><td>७२०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३७५१००</td></tr>
</table></td><td></td></tr>
<tr><td>४५</td><td>परामर्श सेवामा ओभरहेड भुक्तानी : ३९१।०७६।३।३१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ र अनुसुची १ क मा परामर्श सेवाको लागत अनुमानमा ओभरहेड थप गर्ने व्यवस्था छैन । यस पालिकाको कार्यलयले जरुवा खानेपानी योजनाको डिटेल सर्भे तथा डिजाइन कार्यको लागत अनुमान रकममा १५ प्रतिशत ओभरहेड थप गरेको छ। लागत अनुमानमा १५ प्रतिशत ओभरहेड थपगरी युनाइटेड इन्जिनियरिङ्ग प्रा.लि.लाई भुक्तानी गर्दा तपसिल वमोजिम रु ३०२१५। वढी भुक्तानी दिएकोले वढी भुक्तानी दिएको रकम असूल हुनुपर्ने देखिएको रु..........
<table>
<tr><th>परामर्श सेवाको नाम</th><th>ओभरहेड वाहेकको हुने ल.इ. र सम्झौता रकम</th><th>ओभरहेड सहित सम्झौता भएको रकम</th><th>वढी रकम</th></tr>
<tr><td>युनाइटेड इन्जिनियरिङ्ग प्रा.लि.</td><td>२०१४३५</td><td>२३१६५०</td><td>३०२१५</td></tr>
</table></td><td>३०,२१५/</td></tr>
<tr><td>४६</td><td>सोझै खरिद : ३७०।०७६।३।३० सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) अनुसार खरिद प्रतिस्पर्धा सीमित हुने गरी टुका-टुका पारी खरिद गर्न मिल्दैन । यस पालिकाको कार्यलयले खरको छानो विस्थापित गर्ने कार्यको लागी जस्ता पाता खरिद कार्यको लागी पाण्डे इन्टरप्राइजेज कालिगण्डकी स्याङ्जा को ३४ वटा कर विजक विल वाट रु १४२८०००। को पटक पटक जस्तापाता सोझै खरिद गरी भुक्तानी खर्च लेखेको छ । सोझै विधिवाट खरिद कार्य गर्दा प्रतिस्पर्धा सीमित हुने भएकोले ऐन तथा नियम विपरीत</td><td>१४२८,०००/</td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | खरिद कार्य गर्ने लाई जिम्मेवार वनाउन पर्ने साथै सोझै विधिवाट गरिएको खरिद कार्य नियम सम्मत नदेखिएको रु........ | |
| ४७ | **आन्तरीक लेखापरीक्षण** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानुन वमोजिम आफ्नो आय र व्ययको आन्तरीक लेखापरीक्षण गर्नुपर्ने उल्लेख छ। कार्यालयले विषयगत रुपमा प्राप्त हुने वजेटको जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयले आन्तरीक लेखापरीक्षण गरेतापनि आन्तरीक आय, वित्तिय समानीकरण, शशर्त अनुदान, आदिको लेखापरीक्षण गरेको छैन । आन्तरीक नियन्त्रण प्रणाली प्रभावकारी वनाउन आन्तरीक लेखापरीक्षण कार्यलाई अनिवार्य वनाउनुपर्दछ । | |
| ४८ | **राजश्व :** स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा पालिकाको वित्तिय अधिकार क्षेत्रको वारेमा व्यवस्था छ। आ.व. २०७५/७६ मा आन्तरिक आम्दानीको लक्ष्य रु १०४२२७२४। रहेकोमा यथार्थ आम्दानी रु ७१२६९४७। रहेकोले लक्ष्यको तुलनामा ६८ प्रतिशत आम्दानी भएको देखिन्छ। लक्ष्य अनुसार आम्दानी गर्ने प्रयास गर्नू पर्दछ। यस सम्वन्धमा देखिएका व्यहोरा देहायअनुसार छन् :<br>● ऐनको दफा ५५ मा सम्पत्ति कर तथा ५६ मा भूमिकर (मालपोत) लगाउने व्यवस्था भएकोमा लगत अद्यावधिक गरेको छैन । लगत अद्यावधिक नगरेको कारण उठनुपर्ने कर प्राप्त हुन नसकेको देखिन्छ ।<br>● ऐनको दफा ५८ मा आफ्नो क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाउने व्यवस्था भएकोमा लगत संकलन तथा अद्यावधिक नगरी कर संकलन मात्र गरेको देखिन्छ।<br>● ऐनको दफा ६१ मा जडीवुटी कवाडी र जीवजन्तु कर लगाउने व्यवस्था भएकोमा सो को पहिचान गरेको छैन ।<br>● ऐनको दफा ६२ ख मा सामुदायिक वनले वन पैदावारको विक्रि वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम पालिकामा वुझाउनुपर्ने व्यवस्था भएकोमा सामुदायिक वनवाट राजस्व प्राप्त भएको छैन र यस संवन्धमा पालिकाले अनुगमन समेत गरेको छैन ।<br>● कार्यालयले मुल संचित कोषको वैंक नगदी किताव तयार गरेको छैन। जसले गर्दा आन्तरीक आय, विषयगत निकाय तथा अन्य श्रोतवाट प्राप्त आम्दानीको सहि लेखांकन भए नभएको सुनिश्चित गर्न सकिएन। प्राप्ती तथा खर्चको विवरण अद्यावधिक गर्नुपर्दछ।<br>● विभिन्न वडा तथा पालिका आफैले आफुले प्राप्त गरेको राजस्व वुझाएको देखिएकोमा नगदी रसिदको अर्धकट्टी राखेको छैन भने म.ले.प.फा.नं. १०८ तथा १०८ (क) वमोजिम पटके रसिदको पोष्टीङ गर्नुपर्नेमा उक्त खाता नै नराखेकोले प्राप्त आय सही हो भन्ने अवस्था छैन। नगदी रसिद अनुसारको पोष्टीङ गरी उक्त खातामा चढाएको प्रमाण पेश गर्नुपर्दछ।<br>● आन्तरिक आम्दानी बैंकमा समयमै दाखिला गर्नपर्नेमा १५ दिन, महिना दिनमा वैंक दाखिला भएको देखिन्छ। समयमै बैंक दाखिला गर्नू पर्दछ।<br>● वडा कार्यालयहरुलाई पालिकाले नगदि रसिद पठाँउदा रसीद नियन्त्रण खाता राखेको छैन ।<br>● पालिका आफैले संकलन गरेको राजस्व वाहेक वडा कार्यालयवाट प्राप्त रकमको शिर्षकगत विवरण नराखेको कारण कुन शिर्षकमा कति रकम प्राप्त भयो कुनै अभिलेख राखेको छैन ।<br>● यस कार्यालयले उठाउने सबै प्रकारका राजश्वहरुको लगत अद्यावधिक गरि उठाउनुपर्नेमा उठाएको छैन । | |

**अनुसूची- १**

# कालीगण्डकी गाउँपालिकाको सञ्चित कोष विवरण
## २०७५।७६

**प्रदेश : गण्डकी** **(रु.हजारमा)**

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| | कालीगण्डकी गाउँपा लका | स्याङ्जा | ४०२३२ | ८०९०० | ३०७२५७ | ५५७५४ | ४४३९११ | २५४०१८ | १६०९५० | १३९२३ | ४२८८९१ | ५५२५२ |

**अनुसूची– २**

# बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७५।७६

**(रु.हजारमा)**

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | स्याङ्जा | कालीगण्डकी गाउँपा लका | ३७ | २४ | १२१५० | ० | ० | ० | ३७ | २४ | १२१५० | ४७९३ | ६३८२ | ९७५ | ० | ० | ७३५७ | ० | ० | ० |

**अनुसूचि ३**

## अद्यावधिक वेरुजू स्थिति

**(रु. हजारमा)**

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बाँकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाँकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | कालीगण्डकी गाउँपा लका | स्याङ्जा | १९३८ | ९९६ | ९४२ | | १२१५० | १३०९२ |